फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :-

मिति :-२०७९।०६।०४

## विज्ञापन कर उठाउने सम्बन्धी विद्युतीय दरभाउपत्र आह्वानको सुचना

**पहिलो पटक प्रकाशित मिति २०७९।०६।०९**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६४ को उपदफा ग एवं तुलसीपुर उप महानगरपालिका दाङको मिति २०७९/५/१७ गते बसेको कार्यपालिका बैठकको निर्णयानुसार तुलसीपुर उप महानगरपालिका क्षेत्र भित्र (सडकबत्ति, ट्राफिक आईल्याण्ड तथा बसपार्क भित्री क्षेत्र बाहेक) तपसिल अनुसारको विज्ञापन कर संकलन गर्न आ.व. २०७९/०८०, ०८०/०८१ र ०८१/०८२, को लागि रित पुर्वक E-Bidding आह्वान गरिएको छ ।

| क.सं. | ठेक्का विवरण | ठेक्का नं. | न्यूनतम अंक भ्याट बाहेक | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १ | बिज्ञापन कर | रा ०३/०७९/०८० | आ.व. २०७९/०८० को रु. १०,००,०००।–<br>आ.व. २०८०/०८१ को रु. ११,००,०००।–<br>आ.व. २०८१/०८२ को रु. १२,१०,०००।– | १,०००।- |

**शर्त तथा वन्देजहरु :**

१. मूल्य अभिबृद्धी करमा दर्ता भएका इच्छुक फर्म वा निकायले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यो सूचना प्रकाशित भएको १५ दिन भित्र यस कार्यालयबाट तोकिए बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको मेघा बैक तुलसीपुरमा रहेको खाता नं. ०३८००१००७९०४३ जम्मा गरेको बैंक भौचरको Scan Copy पेश गरी www.bolpatra.gov.np/egp बाट वोलपत्र खरिद गर्न सकिनेछ ।

२. वोलपत्र पेश गर्दा स्थानीय तहमा दर्ता भएको व्यवसायी नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कबोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस कार्यालयको मेघा बैक तुलसीपुरमा रहेको खाता नं.०३८००१००७९१७८ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

३. ठेक्का कबोल रकम प्रत्येक बर्ष १० प्रतिशतले बृद्धी हुनेछ ।

४. विद्युतीय दरभाउपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ । दरभाउपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ।

५. दरभाउपत्रमा आफूले कवोल गरेको अंक र अक्षरमा प्रष्टसंग लेखी सही छाप गरी पेश गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :

६. ठेक्का स्वीकृत भएको वा आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र प्रत्येक वर्षको कवोल अंक वा कवोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी, कवोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर र १.५% ले हुन आउने अग्रिम आयकर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौता गर्दा एकमुष्ट पेश गर्नु पर्नेछ । साथै वांकी ५०% दोश्रो किस्ता वापतको रकम प्रत्येक चैत्र मसान्तभित्र दाखिला गरी सक्नु पर्नेछ । बांकि ५०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम बरावरको आगामी प्रत्येक श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नु पर्नेछ । तोकिएको समयभित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टीबाट (परफरमेन्स वण्ड) किस्ता रकम असूल उपर गरिनेछ । यसमा ठेकेदारले कुनै किसिमको हक दावी गर्न पाउने छैन ।

७. व्यवसायी र कार्यालय बीचमा ठेक्काको शर्त सम्वन्धी कुरामा बिवाद पर्न आएमा तुलसीपुर उप महानगरपालिका, दाङको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

८. ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउँदा लाग्ने करहरु बुझाई सकेको (करचुक्ता) प्रमाणपत्र पेश गरे पछि मात्र धरौटी वा जमानी फुकुवा गरिने छ ।

९. आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी व्यवसायी स्वयंकै हुनेछ ।

१०. संघीय सरकार, प्रदेश सरकार र यस उप महानगरपालिकाले समय समयमा दिएको निर्देशन एवं परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

११. दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्वन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१२. यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन तर संघीय सरकार, प्रदेश सरकार, वा न्यायिक निकायवाट कुनै श्रोत संकलन तथा उपयोगमा वन्देज लगाएमा तुलसीपुर उप महानगरपालिका कार्यपालिका वैठकको निर्णय वमोजिम वन्देज लगाएको दिनको मात्र दामासाहीले हिसाव गरी रकम मिलान/फिर्ता गर्न सकिनेछ ।

१३. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप महानगरपालिकामा सुरक्षित रहनेछ ।

१४. प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर व्यवसायीस्वयंले नै आफ्नो तर्फबाट व्यहोर्नु पर्नेछ ।

१५. कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलन गर्न पाइनेछ । साथै ठेक्काको अवधि २०८१ साल आषाढ मसान्तसम्म मात्र हुनेछ ।

१६. ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

१७. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ तथा संशोधन र अन्य प्रचलित कानून वमोजिम हुनेछ ।